**श्रद्धेय अध्यक्ष श्री जयनारायण शाहज्यूले**
**झापा गाउँसभाको चौधौँ गाउँसभा अधिवेशनको बैठकलाई**
**गर्नुभएको सम्बोधन**

# झापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**टाघनडुब्बा झापा, कोशी प्रदेश, नेपाल**

**२०८० आषाढ ८**

# झापा गाउँपालिकाको आ.व. २०८०/८१ को

# नीति तथा कार्यक्रम

## “गुणस्तरीय शिक्षा, स्वास्थ्य,कृषि र पूर्वाधारः समृद्ध झापा गाउँपालिकाको आधार”

**झापा गाउँपालिकाका उपाध्यक्षज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी मित्रहरु,**
**संचारकर्मी मित्रहरू,**
**साथै गाउँपालिकाको आधिकारिक फेसबुक पेज एवम् सूर्योदय टेलिभिजनको प्रत्यक्ष प्रशारण मार्फत संसारभर प्रत्यक्ष रुपमा हेरीरहनु भएका तथा सुनिरहनु भएका सम्पूर्ण नेपाली आमावुवा, दाजुभाइ तथा दिदिबहिनीहरु ।**

विक्रम सम्वत २०७९ बैशाख ३० गते सम्पन्न भएको स्थानीय तह निर्वाचनबाट झापा गाउँपालिकाका मतदाताले हामीलाई अमुल्य मत दिई जनप्रतिनिधिको रुपमा निर्वाचित गरी स्थानीय सरकारको बागडोर सम्हाल्न अवसर दिनुभएको वर्षदिन बितेको छ। यस सुखद परिस्थितिमा यस झापा गाउँपालिकाको चौधौं गाउँसभाको अधिवेशनलाई आज सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ।

यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि, सार्वभौमसत्ता र स्वाधीनताको रक्षा, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतान्त्रिक मुल्य र मान्यताको स्थापनाका लागि इतिहासका कालखण्डमा भएको विभिन्न आन्दोलनमा वलिदान गर्नुभएका तथा देश र जनताको मुक्तिका खातिर युद्धमैदानमा लड्दा लड्दै आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात/ अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइते तथा बेपत्ता परिवारहरु, नागरिक समाज एवं परिवर्तनका सम्पूर्ण हिमायतीहरुप्रति विशेष सम्मान सहित स्मरण गर्न चाहन्छु। साथै मुलुकको राजनैतिक परिवर्तनको लागि बिभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागण, यस गाउँपालिकाका सबै अग्रज राजनीतिक तथा सामाजिक व्यक्तित्त्वहरू एवम् सम्पूर्ण आदरणीय झापा गाउँपालिकाबासी नागरिकहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु।

विश्वव्यापी महामारी तथा अन्य प्राकृतिक विपदहरूबाट देश तथा विदेशमा जीवन गुमाउनुभएका नेपाली तथा यस्ता प्रकोपहरूबाट मृत्युवरण गर्ने संसारभरका दाजुभाइ तथा दिदीबहिनीहरूमा भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु साथै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु । यस्ता विपदको समयमा अहोरात्र खटिई आफ्नो जिम्मेवारी वहन गर्नुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको योगदानको उच्च मुल्याङ्कन गर्न चाहन्छु।

संघीय शासन प्रणालीमार्फत गठित दोस्रो स्थानीय सरकारको पहिलो बार्षिक नीति तथा कार्यक्रम सम्पन्न हुनै गइरहेको यस अवस्थामा दोस्रो बार्षिक नीति तथा कार्यक्रम यहाँहरु माझ लिएर उपस्थित भएको छु । आर्थिक वर्ष २०७९/८० को राज्यको खस्कदो अर्थतन्त्र, राजस्व संकुचन, मुद्रास्फिति, व्यापार घाटा, रसिया- युक्रेन युद्ध, छिमेकी

मुलुक श्रीलङ्काको संकट लगायत विगतको कोरोना माहामारीले बिथोलिएको अर्थव्यवस्था जस्ता कारणबाट आगामी आ.व. २०८०/८१ का लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय सङ्घीयता अन्तर्गतको बजेट अनुदानमा केही हदसम्म कटौती भएको अवस्था विदितै छ। सङ्कटको यस घडीमा थिलथिलिएको अर्थतन्त्रको साक्षी बन्दै यस गाउँपालिकाको भाग्य र भविष्यसँग जोडिएको गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामीमाझ अनेकौं चुनौतीहरु आइपरेको यथार्थ छ । सीमित स्रोत साधनबाट जनताको असीमित अपेक्षा, विकास निर्माण तथा बहुआयामिक विकासको लक्ष्य प्राप्तिका लागि थप चुनौती त छदैंछ, तथापी झापा गाउँपालिकाको समृद्धिको यस अभियानमा यो एउटा अवसरको रुपमा रहनेछ  भन्ने विश्वास व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्य ज्यूहरू,**

हिजोका दिनहरूमा "सुगम जिल्लाको दुर्गम गाउँपालिका" को उपनाममा चिनिएको यस झापा गाउँपालिका एवम् विकासको पूर्वाधारबाट बन्चित हामी झापा गाउँपालिका बासी आजको दिनमा केहि सुखी र समृद्ध महसुस गर्न सक्ने भएका छौं। यो सबै तपाई हाम्रो विकासप्रतिको लगाव, परिवर्तनको प्रतिफल एवं नागरिकको चाहनाबाटै सम्भव भएको छ । यसका लागि योगदान गर्ने संघीय सरकार, प्रदेश सरकार, विकासका साझेदार संस्थाहरु, पुर्व जनप्रतिनिधिहरू, सम्पूर्ण राजनीतिक दलहरु एवं आम झापा गाउँपालिकावासी सर्वसाधारणहरुमा म हार्दिक धन्यवाद दिन चाहन्छु ।

दोस्रो कार्यकालको दोस्रो वर्षमा प्रवेश गरिरहँदा हामीले अझै थुप्रै विकासका उपलब्धि हाँसिल गर्नुपर्ने छ । विगतका अनुभवलाई गम्भीर रुपमा समीक्षा गर्दै आगामी दिनमा अझ गतिशील र दिगो विकास जनतालाई दिनु छ । यस सन्दर्भमा नै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित रहेको विश्वास यहाँहरुमाझ दिलाउन चाहन्छु ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू,**

अब म यस झापा गाउँपालिकाको आ.व २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरू निम्न बमोजिम प्रस्तुत गर्दछु ।

- **नेपालको संविधान र यसका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू।**
- **स्थानीय सरकार सञ्चालन ऐन,२०७४।**
- **सङ्घीय एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम।**
- **नेपाल सरकार एवं कोशी प्रदेश सरकारको आवधिक योजना।**
- **नेपाल सरकारको राष्ट्रिय/अन्तर्राष्ट्रिय जगतमा प्रतिवद्धता जनाएका विषयहरु।**
- **दिगो विकासका १७ वटा लक्ष्यहरू।**
- **स्थानीय आर्थिक कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूचीहरू।**



झापा गाउँपालिका

- **झापा गाउँपालिकाका विगतका वर्षहरूको नीति तथा कार्यक्रम र रणनीतिहरू एवं अध्ययन प्रतिवेदनहरू तथा सो को कार्यन्वयन र मुल्यांकन।**
- **झापा गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजना।**
- **संघीय सरकार, कोशी प्रदेश सरकार तथा झापा गाउँपालिकाबाट जारी गरिएका ऐन, नियम तथा कानूनहरु।**
- **विकासका समसामयिक मुद्धाहरू :दिगो विकास, वातावरण मैत्री विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, लैंगिक सशक्तिकरण र समावेशी विकास आदि लगायतका सम्बन्धित विषयहरू।**
- **निर्वाचनका क्रममा जारी गरिएका घोषणापत्रहरू ।**
- **आम झापा गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरूले अपेक्षा गर्नु भएको विकासका चाहना, आवश्यकता र आकाङ्क्षाहरु ।**
- **एवं झापा गाउँपालिकाले आवश्यक ठानेका अन्य सम्पूर्ण विषयहरू ।**

**झापा गाउँपालिकाका उपाध्यक्षज्यू एवम् गाउँसभाका सदस्यज्यूहरु,**

नागरिकलाई केन्द्र भागमा राखेर विकास र जीवनको अन्योन्याश्रित सम्बन्धलाई ख्याल गरी विकासतर्फ अग्रसर रहेको यस गाउँपालिकाको भौगोलिक, सामाजिक र आर्थिक स्थिति, उत्पादकत्व र विकास सम्भाव्यताको अवस्थालाई मध्यनजर गर्दै जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्नु, छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्नु र न्यून स्रोतबाट अधिकतम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेको छ । कार्यान्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यान्वयन योग्य, सरल, संक्षिप्त कार्यक्रमको गोजी पात्रो बनाउनु यस नीति तथा कार्यक्रमको मूख्य लक्ष्य हो ।

गाउँसभाका सदस्य ज्यूहरू,

**"गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध झापा गाउँपालिकाको आधार"** भन्ने मूल नारामा केन्द्रित रहेर यस बर्षका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### १. कृषि, पशु, बैंक तथा वित्तीय संस्था

- परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै वैज्ञानिक र व्यवसायिक कृषि प्रणाली प्रवर्द्धन गरिनेछ ।
- किसानहरूको क्षमता विकासका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ।
- कृषि क्षेत्रको आधुनिकीकरण मार्फत गाउँपालिकाको आत्मनिर्भरतालाई सुनिश्चित गर्न उत्पादनमा आधारित अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ ।



झापा गाउँपालिका

- प्रांगारिक मललाई प्राथमिकता दिई रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक प्रबन्ध गरिनेछ ।
- माटो परीक्षण शिविरलाई निरन्तरताका साथ सञ्चालन गरिनेछ ।
- मकै पकेट जोनको रुपमा स्थापित यस गाउँपालिकाका किसानलाई आगामी वर्ष आधुनिक सीप, प्रविधि हस्तान्तरण गर्नुका साथै कृषकलाई कृषि औजार प्रदान गरिनेछ ।
- सिंचाई व्यवस्थापनका लागि स्यालो ट्युब-वेल तथा मोटर जडानको व्यवस्था गरिनेछ साथै नदीमा आधारित सिचाईं नहर व्यवस्थापनका लागि अध्ययन समेत गरिनेछ।
- "जहाँ खेत, तहाँ पोल" को नारा सहित कृषि विद्युतीकरणलाई निरन्तरता दिइनेछ।
- कृषकहरूलाई सिचाई विद्युत महसुलमा ६०% सहुलियत प्रदान गरिने व्यवस्था मिलाइनेछ।
- कृषकहरुलाई बिउबिजन तथा मलको आपूर्ति सहजताका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सहकारी संस्थाहरुको सहकार्य तथा साझेदारीमा सहुलियतपूर्ण अनुदानको व्यवस्था गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्किएका एवं स्वदेशमा नै बेरोजगारका रुपमा रहेका युवालाई कृषि तथा पशुपालन क्षेत्रमा आकर्षित गरिनेछ ।
- कृषि सडकको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- मासुमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालनमा ल्याइने छ । मासु परिक्षण प्रयोगशालाको व्यवस्था सहित आधुनिक प्रविधियुक्त बधशालाको निर्माणमा जोड दिइनेछ ।
- कृषि उद्योग सन्चालनका गर्न आवश्यक नीति तथा योजना निर्माण गरिनेछ।
- बैंक तथा वित्तिय संस्थाको कारोवार एवं सेवा प्रवाहलाई नियमन गरिनेछ साथै गाउँपालिकाको विकासमा हातेमालो गरिनेछ ।
- कृषकहरूको तथ्यांक सङ्कलन गरी किसान परिचय पत्र वितरण कार्यक्रमलाई सम्पन्न गरी कृषि अनुदानलाई पारदर्शी र व्यवस्थित बनाइनेछ।
- सहकारी संस्थाहरुको सहकार्यमा किसानहरुलाई अवलोकन भ्रमणमा समेत सहभागी बनाइनेछ ।
- छाडा पशु चौपायाहरुको व्यवस्थापनका लागि आवश्यक कान्जीहाउस निर्माण तथा व्यवस्थापन गरिनेछ ।
- नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- खोरेत, भ्यागुते, नाम्ले लगायतका पशुरोग नियन्त्रण गर्न आवश्यक खोप तथा औषधी कार्यक्रम संचालन गरिनेछ ।
- पशुपालक कृषकहरूलाई उन्नत जातको घाँस, उन्नत जातका पाठापाठी वितरण कार्यक्रमहरू संचालनमा ल्याइनेछ ।
- कार्यालयमा कृषि तथा पशु क्षेत्रका प्राविधिक जनशक्ति थप गरि सेवा प्रवाह नियमित गरिनेछ ।
- कृषकको कृषिजन्य उत्पादन सहकारी मार्फत बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ ।



क्षमा गाउँपालिका

- गाउँपालिकाले फलफुल उत्पादनमा आत्मनिर्भर बनाउन बिशेष कार्यक्रम संचालन गरिने छ ।
- विभिन्न देशहरूबाट कृषि सम्बन्धी तालिम लिएर वसेका युवा सीप, जोस र जाँगरहरूलाई प्रोत्साहन गर्दै लगिने छ ।व्यवसायिक केरा, खर्बुजा, ड्रागन जस्ता फलफुल खेति प्रवर्द्धन गरिनेछ ।
- कृषि वाली तथा पशुपालन व्यवसायमा भएका जोखिम तथा अनिश्चितता कम गरी कृषकहरूलाई जोखिमरहित कृषि व्यवसायतर्फ उन्मुख गर्न **"लागत साझेदारीमा आधारित कृषि वाली तथा पशु विमा कार्यक्रम"** संचालन गर्ने विशेष नीति अवलम्बन गरिएको छ ।
- **"खेत खेतमा पानी, सिंचाईमा लगानीः व्यावसायिक कृषि मार्फत जनताको आम्दानी"** भन्ने मूलनारालाई आत्मसात गरी व्यावसयिक कृषि कार्यक्रम संचालन गरिनेछ ।

## २. पर्यटन

- ऐतिहासिक रानीवन क्षेत्रलाई दक्षिण झापाको प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- झापा गाउँपालिकाकै पहिलो सङ्ग्रहालयको रुपमा "सन्थाल जातीय सङ्ग्रहालय" स्थापना गर्न वडा नं. २ को वालुवाटारमा आवश्यक प्रवन्ध मिलाइनेछ।
- झापा जिल्लाको पुरानो सदरमुकामका रुपमा रहेको ऐतिहासिक झापाबजारको पर्यटकीय सम्भावना खोजी गरिनेछ ।
- स्थानीय भाषा, संस्कृति, रहनसहन एवं सम्पदाको जगेर्ना गरी सांस्कृतिक मेला प्रदर्शनीको पहल गरिनेछ।
- एक वडा एक नमुना पर्यटकीय स्थलको पहिचान गर्दै सम्भाव्यता अध्ययन गरिनेछ।
- उद्योग वाणिज्य संघको सहकार्यमा वार्षिक औद्योगिक, पर्यटकीय मेला संचालन गर्न प्रोत्साहन गरिनेछ।
- आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न आवश्यक नीति लिइनेछ।

## ३. वित्तीय व्यवस्थापन

- गाउँपालिकालाई आर्थिक रूपमा सबल बनाउने उद्देश्य अनुरुप करको दायरालाई फराकिलो बनाईनेछ र करको नयाँ स्रोतहरूको खोजि गरी आन्तरिक आयमा वृद्धि गर्ने नीति लिइएको छ ।
- गाउँपालिकाका सबै व्यवसायी, उद्योगी, व्यापारी एवं सेवा प्रदायकलाई तोकिएको करको दायरामा ल्याइनेछ साथै कर छली गर्ने, करको दायरामा नआउनेलाई कारवाही गरिनेछ।

- गाउँपालिका भित्रका प्राकृतिक स्रोतहरू (वन,नदि,खनिजजन्य पदार्थ आदि) को समुचित प्रयोगका लागि वातावरण प्रभाव मुल्यांकन (EIA) मा जोड दिइनेछ ।
- गाउँपालिकाका सम्पूर्ण कारोबारलाई बैंकिङ प्रणालीमा आबद्ध गरिनेछ ।
- साना, ठूला सबै प्रकारका भुक्तानीहरुलाई बैंकिङ खातामार्फत भुक्तानीको प्रवन्ध गरिनेछ ।
- गाउँपालिकाका सबै योजना तथा कार्यक्रममा शुन्य पेश्कीको नीति निरन्तरता दिइनेछ ।
- वडा कार्यालयमार्फत हुने राजश्व संकलन नियमित र थप व्यवस्थित गरिनेछ ।
- घरधुरी पहिचान कार्ड अनिवार्य रूपमा लागू गरी घरधुरी करलाई व्यवस्थित गरिनेछ।
- भूमिको किसिमका आधारमा भुमिकरको व्यवस्थापन गरिनेछ साथै गैरकृषि भूमिको तुलनामा कृषियोग्य भूमिमा करको दरलाई न्यूनीकरण गरिनेछ।
- पूर्वाधार निर्माण, सार्वजनिक खरिद कार्यलाई पारदर्शी र मितव्ययी पार्न विद्युतीय खरिद प्रणालीलाई (E-BIDDING) पद्धतिलाई अवलम्बन गर्न प्राथमिकता दिने नीति लिइने छ ।

## ख. सामाजिक र साँस्कृतिक विकास तर्फ

### १. स्वास्थ्य

- गुणस्तरीय स्वास्थ्य सेवाका लागि आधारभूत पक्ष (मातृशिशु, परिवार स्वास्थ्य, स्वास्थ्य शिक्षा) लाई प्राथमिकताका साथ अगाडि बढाईने छ ।
- झापा गाउँपालिका, वडा नं ३ मा निर्माणाधीन अवस्थामा रहेको १० सैयाको आधारभूत अस्पताल यसै आर्थिक वर्ष भित्रै निर्माण कार्य सम्पन्न गरी संचालन गर्ने व्यवस्था मिलाईनेछ र अति बिपन्न परिवारका बिरामी पहिचान गरी त्यस्ता विरामीहरूलाई उक्त अस्पतालबाट निःशुल्क उपचारका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- दलित, विपन्न, अल्पसंख्यक, ज्येष्ठ नागरिक तथा सुगर, प्रेशर र दम जस्ता दिर्घरोगबाट ग्रसित नागरिकहरूलाई स्वास्थ्य विमाको प्रबन्ध मिलाइने छ ।
- प्रत्येक स्वास्थ्य संस्थामा एम्बुलेन्स व्यवस्था गर्न पहल गरिनेछ ।
- स्वास्थ्य चौकी तथा आधारभूत सेवा केन्द्रहरुको भौतिक पक्षको सुधार गर्दै पर्याप्त औषधीहरुको सुनिश्चितता गरिनेछ ।
- विशेषज्ञ चिकित्सकहरुको टोलि मार्फत समयसमयमा सबै वडाहरूमा एकिकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरी विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गरी छात्रछात्राहरूलाई उचित स्वास्थ्य परामर्शको व्यवस्था मिलाइनेछ ।
- विपन्न नागरिकको उपचारका लागि स्थापना गरिएको जनता उपचार कोषमार्फत गर्दै आइरहेको सहायता नियमित गरिनेछ ।
- सर्पदंश तथा छाडा कुकुरको व्यवस्थापन सम्बन्धी स-चेतनामूलक कार्यक्रम संचालन गर्दै निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।



झापा गाउँपालिका

- टाघनडुब्बा, कुमरखोद र शरणामती स्वास्थ्य चौकि तथा खयरबारी आधारभूत स्वास्थ्य केन्द्रमा रहेको ल्याबलाई थप व्यवस्थित गरिनेछ ।
- प्रसुती सेवाका लागि संचालनमा भइरहेका बर्थिङ सेन्टरलाई थप व्यवस्थित गरिनेछ साथै रेफरका लागि एम्बुलेन्स सेवा वा एम्बुलेन्स भाडा सेवा उपलब्ध गरिनेछ ।
- सुरक्षित मातृत्व एवं प्रजनन स्वास्थ्य प्रवर्द्धन गर्न यस गाउँपालिकाले संचालन गर्दै आएको **" जिरो होम डेलिभरी अन्तर्गत प्रसुती एम्बुलेन्स भाडा प्रदान"** कार्यक्रमलाई व्यवस्थित गरी झापा जिल्लाभित्रका जुनसुकै अस्पतालमा जाँदा/आउँदाको दोहोरो एम्बुलेन्स खर्च उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै "उपाध्यक्ष मातृ शिशु हेरचाह कार्यक्रम" मार्फत थप मातृशिशु स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।
- लागुपदार्थ ओसारपसार र दुर्व्यसन नियन्त्रण गर्नका लागि सचेतनामुलक कार्यक्रमहरू विद्यालयस्तर देखि समुदायस्तर सम्मै संचालन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुलाई संघीय तथा प्रदेश सरकारको साझेदारी र समन्वयमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- शारिरिक व्यायाम, योग, आराधनामार्फत स्वस्थ जीवनशैलीका लागि चेतनामूलक कार्यक्रममा विशेष जोड दिइनेछ साथै आगामी आ.व.को उपयुक्त समयमा योग शिविर संचालन गरिनेछ ।
- उपचारको क्रममा रगत अभाव हुने झापा गाउँपालिकाबासी जो कोहि विरामीलाई निशुल्क रगत उपलब्ध गराइनका लागि रक्त खर्च भुक्तानी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अन्य विषयहरुलाई आवश्यकता एवं औचित्यताका आधारमा नियमित गर्दै लगिनेछ ।
- प्राचीन उपचार पद्धति **"आयुर्वेद"** लाई बैकल्पिक उपचार पद्धतिको रूपमा विकास गरी सुविधा सम्पन्न भवनसहित सेवा प्रदान गरिनेछ ।
- शरणामती आयुर्वेद कार्यालयलाई थप व्यवस्थित गर्दै आयुर्वेद स्वास्थ्यलाई थप व्यवस्थित गर्दै लगिनेछ । साथै जग्गादाताबाट प्राप्त जग्गामा यसै आ.व. मा स्वास्थ्य भवन निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाइने छ ।
- निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्था, क्लिनिक एवम् औषधी पसलको निरन्तर अनुगमन गरिनेछ ।
- प्रत्येक वर्ष झापा गाउँपालिकाका बालबालिकालाई पूर्णखोप सुनिश्चित गर्ने नीति अनुरुप खोपका सबै कार्यक्रम संचालन गरिनेछ ।
- खुला व्यायामशाला निर्माण तथा व्यवस्थापन गरिनेछ।

## २. शिक्षा

- **"झापा गाउँपालिकाको प्रतिवद्धता : अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षा"** भन्ने नारालाई सार्थक पार्न प्रभावकारी शैक्षिक कार्यक्रमहरू संचालन गरिने छन् ।

- झापा गाउँपालिका भित्रका विद्यालयको भौतिक गुणस्तर सुधारका लागि शैक्षिक सुधार अभियान चलाइनेछ ।
- अति विपन्न र जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान कार्यक्रम तथा प्राविधिक र जीवनोपयोगी शिक्षा अध्ययनरत विद्यार्थीलाई प्रदान गरिदै आएको छात्रवृत्ति कार्यकर्मलाई निरन्तरता दिइनेछ।
- शिक्षक छनौट प्रक्रियालाई व्यवस्थित, वैज्ञानिक र पारदर्शी पार्दै नवनियुक्त शिक्षकहरुलाई सेवा प्रवेश तालिमको व्यवस्था गरिनेछ ।
- "सामुदायिक विद्यालयका कक्षा ९ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई साइकल वितरण" कार्यक्रम मार्फत माध्यमिक शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने नीतिलाई निरन्तरताका साथ लिइएको छ ।
- गाउँपालिका भित्र रहेका वाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरूलाई उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- विद्यालयमा विद्यार्थीहरूको दिवा खाजामा अर्गानीक खाद्य पदार्थ प्रयोग गर्दै जंक फुडलाई निरुत्साहन गरिनेछ ।
- सबै विद्यालयमा इन्टरनेट तथा कम्प्युटरको माध्यमबाट प्रविधिमैत्री शिक्षा व्यवस्थापन गरिनेछ ।
- विद्यालयको भौतिक संरचनालाई क्रमिक सुधार गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर विकास गर्दै कक्षा ५ र ८ को परिक्षा यस झापा गाउँपालिकाबाट लिइने प्रवन्ध मिलाइनेछ।
- माध्यमिक तथा आधारभूत तहको नतिजा एवं समग्र विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी प्रात्साहित गर्ने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत छात्रा, मुस्लिम समुदायका छात्रा, प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थी लगायतलाई दिइदै आएको प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- मदरसा, बाल विकास केन्द्रमा कार्यरत शिक्षकहरू, विद्यालय कर्मचारीहरूलाई दिइदै आएको थप प्रोत्साहन नियमित गरिनेछ ।
- "झापा गाउँपालिका स्तरीय मदरसा बोर्ड"को गठन गरी व्यवस्थापन गरिनेछ।
- शैक्षिक गुणस्तरलाई व्यवस्थापन तथा सुदृढीकरण गर्न गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- पालिकाभित्रका सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्ययन अध्यापन गर्ने गरी प्राविधिक शिक्षामा जोड दिइनेछ।
- शिक्षक र प्रधानाध्यापकहरुको कार्यसम्पादन मूल्याङ्कन शैक्षिक नतिजामा आधारित बनाइनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई शिक्षा सुधारका लागि जिम्मेवार र जवाफदेही बनाइनेछ ।
- विद्यालय स्तरको परीक्षालाई थप व्यवस्थित बनाइनेछ ।
- खेलकुदका माध्यमबाट सिर्जनात्मक सिकाईलाई जोड दिइने व्यवस्था मिलाइनेछ ।

झापा गाउँपालिका

- कम विद्यार्थी संख्या भएका विद्यालयहरुको छनौट गरी सरोकारवालाहरुको सहमतीमा विद्यालय समायोजन कार्यलाई अघि बढाईनेछ ।
- वडा नं. ६ स्थित जनता माध्यमिक विद्यालयमा "झापा नमुना क्याम्पस" निर्माण र सन्चालन गर्ने प्रवन्ध मिलाइनेछ।
- पालिकाबाट प्रदान गरिने छात्रवृत्तिलाई लक्षित वर्गसम्म पुर्याउनका लागि कार्यविधि लागू गरेर मात्र वितरणको व्यवस्था मिलाइने छ।

## ३. युवा तथा खेलकुद

- **खेलकुद विकासको पूर्वाधार : झापा गाउँपालिकाबासीको स्वस्थ र समुन्नत जीवनको आधार"** भन्ने मूल नाराका साथ विभिन्न खेलकुद सम्बन्धी कार्यक्रमहरू संचालन गरिनुका साथै हाल संचालनमा रहेका खेलमैदानहरूको स्तरोन्नति गर्न आवश्यक पहल गरिने नीति लिइने छ ।
- गाउँपालिका भित्र संचालन हुने खेलकुद गतिविधिहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन झापा गाउँपालिकाले तर्जुमा गरेको खेलकुद विकास कार्यविधि वमोजिम खेलकुद विकास समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ। ।
- आ.व २०८०/८१ मा १०० जना युवा जनशक्तिलाई उद्यमी बनाउनका लागि उद्यमशीलता तालिम सञ्चालन गरिने छ ।
- युवाहरुलाई शिपमुलक रोजगार उन्मुख गर्न निःशुल्क हलुका चारपाङ्ग्रे सवारी ड्राइभिङ कार्यक्रम सन्चालन गरिनेछ।
- युवा शक्ति परिचालन गरी विकास निर्माणका क्रियाकलापलाई तीव्रता दिइनेछ ।
- उद्यमशील बन्न चाहने युवाहरुलाई उनिहरुको मागमा आधारित तालिम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाको सिप, दक्षता र क्रियशिलताको पहिचान गरि स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत वेरोजगार युवाहरुलाई परिचालन गरिनेछ ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय पदक प्राप्त गर्न सफल खेलाडीहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम अघि बढाइने छ ।
- खेलकुदका माध्यमबाट युवा शक्तिलाई एकीकृत गर्न र विकासमा परिचालन गर्न खेलकुद क्षेत्रमा जोड दिइनेछ ।
- खेलकुदका माध्यमबाट गाउँपालिकाको चिनारी अभिवृद्धि गर्ने खेलाडी तथा संस्थालाई प्रोत्साहन गरिनेछ ।
- झापा गाउँपालिकामा भएका सम्पूर्ण खेल मैदानलाई थप व्यवस्थित बनाइनेछ साथै खेलकुद ग्राम निर्माणको लागि पहल गरिनेछ ।

झापा गाउँपालिका

- गाउँपालिकाको चिनारीको रुपमा रहेको अध्यक्ष कप फुटबल, भलिबल तथा क्रिकेट प्रतियोगिता नियमित गरिनेछ ।
- महिलाहरुलाई समेत खेलकुदमा आकर्षण गर्न उपाध्यक्ष खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवा क्लवहरु निर्माण, युवाहरूको नेतृत्त्व क्षमता विकास जस्ता कार्यक्रमहरू संचालन गरिनेछ ।
- बैदेशिक रोजगारिका लागि जाने झापा गाउँपालिकाका जनशक्तिका लागि श्रम स्वीकृतिका लागि पालिकास्तर बाटै हुने प्रबन्ध गरिनेछ।
- बिभिन्न गैर-सरकारी संस्थाहरूको साझेदारीमा युवा लक्षित कार्यक्रमहरू सन्चालन गरिनेछ।

## ४. खानेपानी तथा सरसफाई

- झापा गाउँपालिकालाई हराभरा र स्वच्छ बनाउन वृक्षरोपण कार्यलाई प्रोत्साहित गरिनेछ । जसका लागि **“एक घर दुइ विरुवा”, “एक विद्यालय एक बगैंचा”** जस्ता कार्यक्रमहरूको पहिचान गरी सन्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका क्षेत्रका प्रमुख बजारहरुमा शुद्ध खानेपानीको प्रत्याभूति दिलाउन खानेपानी आयोजनाको सुरुवात गरिनेछ । साथै अन्य क्षेत्रमा समेत खाने/पिउने पानीको शुद्धता र गुणस्तर मापन गरिनेछ ।
- प्रमुख बजारहरुमा निस्कने फोहोरमैलाको व्यवस्थापनका लागि डम्पिङ साइटको खोजी गरिनेछ भने तत्कालै बजारहरुमा फोहोरमैला एकीकृत गर्न आवश्यक व्यवस्था गरिनेछ । सुरक्षा निकाय, नागरिक समाज एवं बजार व्यवस्थापन समितिको सहकार्यमा नियमित रुपमा सरसफाई अभियानको सुरुवात गरिनेछ।
- अव्यवस्थित प्राकृतिक स्रोतको दोहनलाई रोक लगाइने छ ।
- **"फोहोरलाई मोहरमा रुपान्तरण"** गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

## ५. महिला विकास

- प्रत्येक विकासका क्रियाकलापमा महिला सहभागितालाई प्राथमिकता दिइनेछ। महिलाका नाममा व्यवसाय, उद्योग दर्ता गर्दा ५०% छुट दिइने प्रबन्ध मिलाइनेछ ।
- आर्थिक, सामाजिक रुपले विपन्न महिलाहरुको उत्थान, सशक्तीकरण एवं क्षमता विकास एवं मूलप्रवाहीकरणका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुको स्वास्थ्य प्रति संवेदनशील रहँदै आवश्यक नियमित स्वास्थ्योपचारको व्यवस्था गरिनेछ ।
- “सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य” लाई प्रवर्द्धन गर्दै **उपाध्यक्ष गर्भवती महिला, सुत्केरी सेवा तथा पोषण कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।
- वडा तर्फको कम्तिमा कुनै १ योजना महिला मात्रको सहभागिता र अगुवाइमा सञ्चालन गरिनेछ ।
- महिलामाथि हुने सबै प्रकारका विभेद अन्त्य गर्दै समाजिक काममा महिलाको ३३% प्रतिनिधित्व सुनिश्चित गरिनेछ । साथै लैङ्गिक हिंसा निवारण कोष मार्फत विभेदीकरणमा परेका महिलालाई आर्थिक सहायता प्रदान गर्दै अवसर, पहुँच र शक्तिको मूल प्रवाहीकरणमा अग्रसर गरिने नीति अवलम्बन गरिनेछ।



झापा गाउँपालिका

- **"आसनमा महिला, भाषणमा महिला, शासनमा महिला"** भन्ने नारालाई आत्मसात गर्दै महिला लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ६. बालबालिका

- आजका बालबालिकालाई भोलिका कर्णधारको रुपमा लिँदै गाउँपालिकाका सम्पूर्ण बालबालिकालाई विद्यालयको पहुँच सुनिश्चितता गरिनेछ ।
- यसै आ.व. मा झापा गाउँपालिकालाई "बालमैत्री गाउँपालिका" घोषणा गर्ने नीति अवलम्वन गरिएको छ।
- सबै बालबालिकालाई आधारभूत एवं नियमित स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ।
- गाउँपालिकाको विकास प्रक्रिया एवं जिज्ञासा सुन्न र बुझ्न आवधिक रुपमा अध्यक्ष तथा उपाध्यक्षसँग बालबालिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल विकास केन्द्रको सबलीकरणमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका अनाथ बालबालिकाहरुको गाँस, बास र कपास सहित अन्य आधारभूत आवश्यकताहरुको प्रत्याभूती गराउन अनाथ बालबालिका लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक सरोकारका कार्यक्रमहरूमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ।
- लागू औषध् नियन्त्रण, बाल अधिकार, मानवअधिकार, नागरिक शिक्षा जस्ता विषयहरूमा बाल सञ्जाल मार्फत बालबालिका सचेतना कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

## ७. ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकहरुको सीप, ज्ञान एवं अनुभवलाई गाउँपालिकाको विकासको आधारका रुपमा लिदै प्रत्येक वडामा ज्येष्ठ नागरिक आरोग्य चौतारीको निर्माणका लागि पहल गरिनेछ ।
- ८४ वर्षमाथिका अति ज्येष्ठ नागरिकहरुको सम्मानमा गाउँपालिकाले सुरुवात गरेको प्रोत्साहनलाई निरन्तरता गर्दै थप व्यवस्थित गरिनेछ साथै ज्येष्ठ नागरिकलाई विबिन्न मठमन्दिर दर्शन, धार्मिक यात्रा तथा तिर्थाटनका लागि आवस्यक व्यवस्था मिलाइनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम पूर्णरुपमा बैंकिङ्ग प्रणाली बनिसकेको विद्यमान परिप्रेक्ष्यमा बैंक सँग लामो दुरी भएका वडाहरूमा ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वितरणलाई घरदैलोसम्म पुग्ने व्यवस्था मिलाउन बैंकसंग आवश्यक समन्वय गरिनेछ।
- झापा गाउँपालिकाको आधारभुत अस्पतालबाट ज्येष्ठ नागरिक स्वास्थ्योपचारमा उचित सहुलियत प्रदान गरिनेछ ।

- ज्येष्ठ नागरिकका ऐतिहासिक अनुभव तथा सीपको आदानप्रदान गर्न तथा भलाकुसारीका लागि वडास्तरमा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ८. आदिवासी, जनजाति, दलित सम्बन्धी नीति

- सबै जनजातिको कला, भाषा, धर्म, संस्कृति एवं समुदायको रीतिथिति, रहनसहन तथा धार्मिक आस्थाको संरक्षण संवर्द्धन एवं जगेर्ना गर्न गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ।
- संविधान एवं कानूनले सिर्जना गरेको आधारभूत मौलिक हकको सम्मान गर्दै सबै समुदायको समन्यायिक विकासमा जोड दिईनेछ ।
- विपन्न वर्गका मुस्लिम, मधेशी तथा दलित समुदायका विद्यार्थीलाई शैक्षिक उन्नयनमा प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाबाट सिर्जित रोजगारी तथा स्वरोजगारीका अवसरमा आदिवासी, जनजाति, मधेशी मुस्लिम तथा दलित समुदायलाई उनीहरुको क्षमता एवं दक्षताका आधारमा प्राथमिकता दिइनेछ ।
- दलित समुदायको व्यवसाय, व्यापार सम्बन्धी करमा विशेष छुटको व्यवस्था गरिनेछ।
- आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायतका समुदायको विशेष पर्व तथा उत्सवमा स्थानीय सार्वजनिक विदा दिइनेछ भने विशेष चाडपर्व वा उत्सव कार्यक्रममा प्रोत्साहन समेत गरिनेछ। .
- विपन्न वर्ग तथा दलितका लागि आवासको व्यवस्थापन गर्दै लगिनेछ ।

## ९. अपाङ्गता सम्बन्धी नीति

- गाउँपालिकाको कार्यालय तथा मातहतका सबै शाखा, वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुमा अपाङ्गतामैत्री सेवाप्रवाहको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिकाका सबै भौतिक संरचना अपाङ्गमैत्री बनाइनेछ ।
- अपाङ्गता परिचयपत्र वितरणलाई नियमित र प्रभावकारी बनाउदै घुम्ती शिविरमार्फत प्रदान गरिनेछ।
- तोकिए बाहेक गाउँपालिकाबाट प्रदान गरिने अन्य सबै सेवाहरु निःशुल्क रुपमा प्रदान गरिनेछ ।
- अपाङ्गता लक्षित कार्यक्रमहरुलाई नियमित गर्दै अपाङ्गता लक्षित शीपमुलक तालिम सन्चालन गरिनेछ। ।
- अनाथ तथा अपाङ्गहरुको गाँस, बास र कपास जस्ता आधारभुत आवश्यकताको परिपूर्तीको ग्यारेण्टी गरिनेछ ।

## १०. यौनिक, लैङ्गिक अल्पसंख्यक, खस आर्य सम्बन्धी नीति

- रोजगारी तथा स्वरोजगारको अवसरमा सबैलाई समान पहुँच पुऱ्याइनेछ ।
- विकासात्मक गतिविधिमा समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।

- यौनिक तथा लैंगिक अल्पसंख्यकद्वारा संचालित व्यवसाय दर्ता र नवीकरणमा बिशेष छुट दिइनेछ।
- आर्थिक रुपले विपन्न खस आर्यका सन्ततीलाई शैक्षिक छात्रवृत्ति प्रदान गरिनेछ ।

## ११. संस्कृति प्रवर्द्धन तथा सामाजिक उत्थान

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासिको पहिचान गरी जग्गा धनीपूर्जा वितरण र परिचयपत्र वितरण गर्ने प्रवन्ध मिलाइनेछ साथै विपन्नहरूका लागि आवास निर्माण गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाको चिनारीका रूपमा रहेको "जन्मदेखि मृत्युपर्यन्त सहायता कार्यक्रम" अन्तर्गतको गाउँपालिका क्षेत्र भित्रका स्थायी नागरिकको मृत्यु भई परिवारका सदस्य समयमै मृत्यु दर्ता गर्न आएमा उपलब्ध गराईंदै आएको मृत्यु संस्कार सहायता कार्यक्रमलाई थप व्यवस्थित बनाइदै लगिने छ।
- भाषा, साहित्य, संस्कृति, धर्मको जगेर्ना र संवर्द्धन एवं संरक्षणका लागि विशेष नीतिगत व्यवस्थाहरू मिलाइनेछ ।
- लैंगिक हिंसा, छुवाछुत, सामाजिक विभेद, दाइजो प्रथा, वालविवाह जस्ता सामाजिक कुरीतिलाई पूर्णरुपमा अन्त्य गर्न सचेतनामुलक कार्यक्रमहरू संचालन गरिनेछ।
- यस गाउँपालिकाको अग्रज कलाकर्मी , संस्कृतिविद् तथा साहित्यकारलाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

## १२. सामाजिक मेलमिलाप तथा न्याय निरुपण

- सामाजिक विवाद तथा द्वन्द्व न्यूनीकरण एवं न्यायिक निरुपणका लागि न्यायिक समिति मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- हरेक वडामा मेलमिलाप समितिहरुको कार्यलाई व्यवस्थित गर्दै र मेलमिलापकर्ताहरुको सहजीकरणमा स्थानीय विवादहरुको न्यायोचित समाधान गरिनेछ ।
- विभेदरहित, शान्त, सुरक्षित र सहिष्णु समाजको निर्माणमा न्यायिक समितिको सक्रियता बढाइनेछ ।
- गरिव, असहाय तथा पिछडिएका वर्गहरूलाई सामाजिक न्यायको मुलप्रवाहीकरणमा ल्याउन निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराइने छ ।

## १३. भूमि सम्बन्धी नीति

- गाउँपालिका भित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको लगत संकलन गरी व्यवस्थित उपयोग र संरक्षण गरिनेछ ।

- भू-उपयोगी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- ऐलानी तथा पर्ती जमिनको सम्बन्धमा भूमि व्यवस्था सम्बन्धी आयोगसँगको समन्वयमा आर्थिक वर्ष २०८०/८१ मा भूमिहीन सुकुम्वासी, भुमुहीन दलित तथा अव्यवस्थित वसोवासीलाई जग्गाको धनीपूर्जा वितरण गरिनेछ ।अन्य अव्यवस्थित जग्गाको नियमानुसार उचित व्यवस्थापन गरिनेछ ।

## १४. शान्ति सुरक्षा सम्बन्धी नीति

- झापा गाउँपालिका बासीहरूको शान्ति, सुरक्षा, एवं अमनचयन कायम राख्न आवश्यक नीति अवलम्बन गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका प्रमुख बजारहरुमा हाटबजारको समयमा बिशेष सुरक्षा व्यवस्थाको प्रबन्ध गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र शान्ति सुरक्षाको सुनिश्चितता गर्दै नागरिक सुरक्षा बारे ग्यारेन्टी गर्न कुनै कसर बाँकी राखिने छैन। गाउँसभा तथा गाउँकार्यपालिकाको निर्णयानुसार विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयनमा बाधाव्यवधान उत्पन्न गर्ने, गराउन खोज्ने व्यक्ति वा समुदायलाई कारवाही गरिनेछ र क्षतिपूर्ति समेत निजबाट असुलउपर गरिनेछ।
- गाउँ प्रहरीको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- शान्ति, सु-व्यवस्था तथा अमनचयनका निम्ति संघ तथा प्रदेश सरकारसँग सहकारिता, समन्वय, र सह-अस्तित्त्वको नीति अवलम्वन गरिनेछ।

## ग. पूर्वाधार विकास

- **"उज्यालो झापा गाउँपालिका"** घोषणा पश्चात् विद्युत प्रवाहलाई थप व्यवस्थित बनाईने छ ।यसका लागि विद्युत प्राधिकरणको सहकार्यलाई अझ वृद्धि गरिने छ । मुख्य बजारक्षेत्र तथा विशेष क्षेत्रहरूमा सडक बत्ति तथा सौर्यबत्ती जडान कार्यलाई निरन्तरता दिइनेछ । विपन्न वर्गलाई प्रदान गर्दै आएको विद्युत महसुल सहुलियतलाई थप व्यवस्थित पारिनेछ ।
- गाउँपालिकाको समग्र विकासलाई सन्तुलित, दिगो, तथा समावेशी बनाइनेछ ।झापा गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना बमोजिम पूर्वाधार विकासका क्रियाकलाप संचालन गरिनेछ ।
- उपभोक्ता समितिद्वारा संचालन हुने लागत सहभागिता (श्रमदान ) लाई व्यवहारिक र अनिवार्य वनाईनेछ ।उपभोक्ता समिति समयमै गठन तथा व्यवस्थापन गरी एकीकृत रुपमा उपभोक्ता समिति अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको कार्यान्वयनलाई सैद्धान्तिक बनाईनेछ । योजनाको अनुगमनलाई कडाई गरिनेछ । विगत र चालु आ.व. मा संचालित र सम्पन्न योजनाको वर्तमान अवस्था

आँकलन गरी उपभोक्ता समितिलाई उक्त योजनाको संरक्षण र संवर्द्धनमा जिम्मेवार बनाईनेछ । एकै योजनामा पटक पटक बजेट माग गर्ने प्रवृत्ति निरुत्साहित गरिनेछ ।

- अमरपथ सडक कालोपत्रेको कार्यलाई यथाशीघ्र सम्पन्न गर्न प्रदेश सरकारसँग विशेष समन्वय गरिनेछ ।
- आवश्यकता अनुसार झापा गौरवका आयोजनाहरू तयार पारी उक्त आयोजनामा रकम विनियोजन गरी निर्माण सम्पन्न गरिनेछ ।
- सबै प्रकारका योजनाहरु विद्युतीय बोलपत्र प्रक्रियामार्फत संचालन गर्न प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाका विपन्न समुदायको आवासका निर्माणका लागि साझेदारीमा आवास निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नदिनालाको तटबन्ध, सिचाई नहरहरुको व्यवस्थापनमा विशेष सहकार्य साथ कार्यक्रम संचालन गरिनेछ ।
- सडकको खाल्डाखुल्डी पुर्ने एवं ग्रावेलिङका नाममा हुने बजेट चुहावटलाई नियमन गरी स्तरीय ग्रावेलका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइनेछ । साझेदारीमा सुरक्षित र दिगो सडक निर्माणमा जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्रभित्र संघीय सरकार तथा प्रदेश सरकारबाट संचालित पूर्वाधार विकासका आयोजनाहरुलाई समयमा नै सम्पन्न गर्न सम्बन्धित पक्षलाई जिम्मेवार बनाइनेछ । साथै थप योजनाका लागि निरन्तर संवाद र सहकार्य गरिनेछ ।
- सञ्चार पहुँचबाट बाहिर रहेका क्षेत्र पहिचान गरी आवश्यक स्थानहरूमा टेलिफोन टावर विस्तारका लागि नेपाल टेलिकम र एनसेल कम्पनिसंग समन्वय गरिनेछ ।
- यस गाउँपालिकाको पूर्वाधार लगायत समग्र आर्थिक विकासका निम्ति "नगर विकास कोष" सँग साझेदारी, समन्वय र सहकार्य गरिनेछ।

## घ. वन, वातारण तथा विपद व्यवस्थापन

- जलवायु परिवर्तनबाट वातावरणमा पर्ने नकारात्मक असरहरू न्यूनीकरणका लागि आवश्यक व्यवस्था गर्दै विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- जंगली हात्ती तथा अन्य जनावरबाट हुने जनधन तथा कृषि बालीनालीको क्षति न्यूनीकरणका लागि संघ तथा प्रदेश सरकारसँगको समन्वयमा आवश्यक नीति लिइनेछ ।
- **"नवजात शिशुलाई फलफूलको विरुवा उपहार"** कार्यक्रम सञ्चालन गरी हरेक मानवको जन्मसिद्ध सफा र सुन्दर वातावरणको हकलाई कार्यान्वयन गर्दै हरित झापा गाउँपालिका बनाउने नीति अवलम्वन गरिने छ।
- वातावरणमैत्री दिगो विकासलाई केन्द्रविन्दुमा राखेर विकासका योजना संचालन गरिनेछ ।
- गौरवका आयोजना अन्तर्गतका कालोपत्रे सडकको दायाँबायाँ वृक्षरोपण कार्यको थालनी गरिनेछ र सडक कालोपत्रे हुनु अघि नै यस कार्यका लागि सडक विस्तार गरिनेछ ।
- स्थानीय बजारको सरसफाइलाई नियमित गरिनेछ ।
- बजार तथा सडकमा अनावश्यक र जथाभावी होडीङ बोर्ड राख्न रोक लगाइने छ ।
- प्राकृतिक एवं मानव सिर्जित विपदको जोखिम न्यूनिकरण तथा प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ।
- विपद व्यवस्थापन कोषमा आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ ।

- बाढी, आगलागी, चट्याङ लगायतको जोखिमबाट समुदायलाई जोगाउन चेतनामूलक कार्यक्रम सतर्कताका उपायहरुको बन्दोबस्त गरिनेछ ।
- खाली जग्गा, सार्वजनिक जग्गा र नदी किनार आसपासका जग्गामा वृक्षारोपण गर्ने कार्य अभियान कै रुपमा अघि बढाइनेछ ।
- वातावरण संरक्षणका लागि हरित अर्थतन्त्रमा जोड दिईनेछ ।
- सङ्क्रामक रोग तथा महामारीलाई मध्यनजर गर्दै रोकथाम न्यूनीकरण र व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ ।
- छिमेकी स्थानीय तहहरूसँगको सहकार्यमा वारुण यन्त्र र एम्बुलेन्सको खरिद र प्रभावकारी व्यवस्थापनलाई गर्न आवश्यक समन्वय गरिनेछ। ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संघ संस्थहरूको समन्वय तथा साझेदारिमा विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- टोल सुधार समितिलाई क्रियाशील गरि **"सफा, सुन्दर र प्रविधिमैत्री झापा गाउँपालिका"** निर्माण गर्ने कार्यमा सक्रिय गराइनेछ ।

## ङ. संस्थागत विकास, सेवाप्रवाह र सुशासन

- लोकतन्त्रको आधार सक्षम स्थानीय सरकारको नीति अवलम्बन गर्दै भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक प्रशासन, सेवाप्रवाह र सुशासनलाई चुस्त दुरुस्त बनाउन समय सापेक्ष, प्रविधिमैत्री बनाउँदै सेवा प्रवाहलाई जन अपेक्षा अनुरुप छिटो, छरितो, सुलभ, सरल, उच्च गुणस्तरिय साथै प्रभावकारी ढंगले **"मुस्कान सहितको सेवा"** सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको गतिविधिहरूलाई डिजिटल सूचना पार्टी, मोबाइल एप्स, सामजिक संजाल, वेबसाइट तथा एस.एम.एस. मार्फत सार्वजनिकीकरण गरी नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्दै गाउँपालिकाको हरेक क्रियाकलापलाई पारदर्शी बनाउदै नागरिकको घर-घरमा सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ ।
- विषयगत शाखाका कामकारवाहीलाई पारदर्शी र जवाफदेही बनाइनेछ ।
- नमुना, योग्य र अनुकरणीय विकास प्रणाली अवलम्बन गर्न अन्य स्थानीय तहको अध्ययन भ्रमण गरी गाउँपालिकाको विकास र समृद्धिका लागि आवश्यक पृष्ठपोषण लिइनेछ ।
- उपभोक्ता हित संरक्षणका लागि आगामी आ.व.देखी बजार अनुगमनलाई नियमित गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित बनाईनेछ ।
- जनताको घरदैलोमा सेवा पुर्‍याउन समय समयमा अन्य निकायसँग समन्वय गरी एकिकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।
- नागरिकको सूचनाको हकलाई सम्मान गर्न साथै छिटो सेवा प्रवाह सुनिश्चित गर्न अभिलेख व्यवस्थापनलाई चुस्त, दुरुस्त, पारदर्शी एवं समयसापेक्ष तुल्याइनेछ।

झापा गाउँपालिका

- सेवा प्रवाहमा सुशासन कायम गर्न, भ्रष्टाचार र अनियमितता विरुद्ध शुन्य सहनशिलता अवलम्बन गर्दै कर्मचारीको मनोबल बढाउन सामाजिक सुरक्षाका क्षेत्रहरूमा समावेश गरिनेछ । कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको व्यवस्था एवं अन्य कार्यक्रमहरुको संचालन गरिनेछ । साथै कार्य बोझका आधारमा एवं कार्य सम्पादन क्षमतानुसार कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- सहभागितमूलक योजना अवलम्बन गर्दै यस गाउँपालिकाको विकासमा विकासका सबै साझेदारहरुलाई स्वागत गरी विकासलाई साझेदारीमा अगाडि बढाउने नीति अख्तियार गरिनेछ।
- आगामी आ.व.को सुरुवातामा नै आगामी वर्ष संचालन गरिने योजना कार्यान्वयनका सम्बन्धमा प्रत्येक वडामा उपभोक्ता समिति एवं सबैको सहभागितामा अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ । उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई सम्मानको व्यवस्था गरिनेछ । निर्धारित समयभित्र काम सम्पन्न नगर्ने उपभोक्ता समिति वा निर्माण कम्पनी वा अन्य संस्थालाई कानुन वमोजिम कारवाही गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक आयको क्षेत्रहरू पहिचान र विस्तार गर्दै राजस्व चुहावट र अनियमिततालाई जरैदेखि अन्त्य गरिनेछ।
- **"जनताले तिरेको कर : गाउँपालिका विकासको भर"** भन्ने आदर्शलाई गाउँपालिकाको चाहना अनुरुप अगाडी बढाइने नीतिका साथ आन्तरिक आय प्रवर्द्धनका लागि निर्मित कानून र कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकामा भएको आम्दानी र खर्चको मासिक विवरण तथा अन्य प्रगति विवरण जो कोहि जनताले माग गर्न चाहे तुरुन्तै उपलब्ध गराइने प्रवन्ध मिलाइनेछ साथै यस्ता विवरणहरू गाउँपालिकाको वेभसाइटमा राख्ने प्रवन्ध मिलाइनेछ ।
- गाउँकार्यपालिकाको समग्र विकासका लागि सहायता जुटाउन संघीय र प्रदेश सरकार, दातृ निकाय, कुटनीतिक नियोग, समाजसेवी, साझेदार संस्था सबैसँग निरन्तर सहकार्य गरिनेछ ।
- विकास योजनलाई सहभागितामूलक बनाउन र लागत कम गरी उच्चतम परिणाम हासिल गर्न समपूरक कोषमार्फत विभिन्न योजनाहरु सञ्चालनमा ल्याइनेछ ।
- अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित, व्यवहारिक, वास्तविक, नतिजामुखी र मापनयोग्य बनाईनेछ ।
- सार्वजनिक सेवा वडापत्रको व्यवस्थापन, व्यवस्थित सूचना प्रणाली, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतका विषयलाई व्यवस्थित तुल्याइनेछ । साथै खल्ती नागरिक वडापत्र कार्यक्रम सन्चालन गरी सेवाको गुणस्तरलाई सु-स्पष्ट पारिने छ।
- गाउँपालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकताका आधारमा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण (ONM) लाई थप व्यवस्थित गरिनेछ।
- मौजुदा नीति नियम तथा सेवा प्रवाहको प्रक्रियाका सन्दर्भमा जनप्रतिनिधि तथा कर्मचारी बिच अन्तरक्रियात्मक अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिरनेछ ।
- समान कामका लागि समान ज्यालाको मान्यता अनुरुप कर्मचारीको सेवा सुविधामा एकरुपता ल्याइनेछ ।
- सेवाग्राही सन्तुष्टी सर्वेक्षणमार्फत कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरिनेछ ।

- गाउँपालिकाको बृहत्तर हिताका लागि योगदान पुर्याउनु भएका स्थानीय सञ्चारकर्मीहरूको उच्च मनोवल राख्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य कार्यालय तथा अन्य मातहतका कार्यालयहरूमा उजुरी पेटिका राखी जनताको गुनासो सुन्ने र त्यसको समाधान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- भ्रष्टाचार र अनियमिततालाई नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेहिता प्रणालीलाई सुदृढीकरण गरी सुशासन प्रवर्द्धन गरिनेछ ।
- योजनाबद्ध विकास कार्यक्रम संचालन गर्न तयार भएको **झापा गाउँपालिकाको पञ्च वर्षीय आवधिक योजना** कार्यान्वयनमा ल्याइनेछ ।
- यस गाउँपालिकाको प्रशासनिक भवनको दोस्रो तल्ला निर्माण सम्पन्न गरी सबै शाखाहरूबाट एकीकृत सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।
- यस पालिका मातहतका सम्पूर्ण सरकारी कार्यालयहरूलाई डिजिटल माध्यमबाट पालिका केन्द्रसँग जोडी सुशासन प्रवर्द्धनमा जोड दिइनेछ।
- स्थानीय सञ्चार माध्यमको विकास तथा जनताको सूचनानको हक प्रत्यभूत गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

गाउँसभाका सदस्य ज्यूहरू,

आर्थिक बर्ष २०८०/८१ का लागि प्रस्तावित यस नीति तथा कार्यक्रमले समृद्ध, सबल, समुन्नत र न्यायपूर्ण झापा गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा म पूर्णरुपमा विश्वस्त छु । गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि यस नीति तथा कार्यक्रममा समेटिएको विषयहरुको कार्यान्वयन महत्वपूर्ण हुन्छ । स्थानीय तहको निर्वाचनमार्फत यस गाउँपालिकाको समग्र विकास र समृद्धिको गहन जिम्मेवारी आम नागरिकले हामीलाई सुम्पिनुभएको परिप्रेक्ष्यमा हामी सबै जनप्रतिनिधिहरु एक ठाउँमा उभिएर जनताका आवश्यकता परिपूर्तिमा लाग्नु हाम्रो निर्विकल्प जिम्मेवारी हो । यस जिम्मेवारीलाई पूरा गर्न हाम्रा नीति, योजना तथा कार्यक्रमका लागि निरन्तर बजेट व्यवस्थापन गर्ने संघीय सरकार, प्रदेश सरकार, अन्य साझेदार निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थाहरु एवं सल्लाह सुझाव दिनुहुने राष्ट्रसेवक कर्मचारी मित्रहरू, नागरिक समाज, राजनीतिक दलका मित्रहरु, पेशाकर्मी, बुद्धिजीवी, ट्रेडयुनियनकर्मी, शिक्षक मित्रहरू एवं आम झापा गाउँपालिकाबासी महानुभावहरु तथा हरेक गतिविधिको बारेमा सत्य तथ्य सूचना प्रवाह गरी सहयोग पुर्याउनु हुने सञ्चारकर्मी मित्रहरूमा हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकारात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिंदै आगामी आर्थिक वर्ष का लागि नीति तथा कार्यक्रमलाई यस गरिमामय सभामा आवश्यक छलफल तथा स्वीकृतिका लागि पेश गरेको छु । सर्वपक्षीय सुझावलाई समेटेर प्रस्तुत भएको यस नीति तथा कार्यक्रममा उल्लेखित प्रतिबद्धताहरु आगामी बजेटबाट सम्बोधन हुने विश्वास लिएको छु । हाम्रै पालामा समृद्ध र आत्मनिर्भर

झापा गाउँपालिका निर्माण सम्भव छ भन्ने विश्वासका साथ यस नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि आ–आफ्नो ठाउँबाट सकारात्मक सहयोगको अपेक्षा राख्दछु। धन्यवाद।

जयनारायण शाह<br>(अध्यक्ष)<br>झापा गाउँपालिका<br>मिति २०८० असार ०८ गते, शुक्रवार

झापा गाउँपालिका